सन्राइज बैंक लिमिटेड
**SUNRISE BANK LIMITED**
Class "A" Institution Licensed by Nepal Rastra Bank

पत्र संख्या : एसआरबिएल/सिईओ/२१३/२०१७

मिति: २०७४/०५/२९

**श्री नेपाल धितोपत्र बोर्ड**
**जावलाखेल ललितपुर ।**

**नेपाल स्टक एक्स्चेन्ज लि.**
**सिंहदरबार प्लाजा, काठमाण्डौं**

**श्री कम्पनी रजिष्ट्रारको कार्यालय**
**त्रिपुरेश्वर, काठमाण्डौं ।**

**विषय: <u>बैंकको आ.ब. २०७३/०७४ को बोनस शेयर सम्बन्धमा ।</u>**

महोदय,
उर्पयुक्त विषयमा यस सन्राईज बैंक लिमिटेडका शेयरधनीहरुलाई बैंकको हकप्रद शेयर जारी गर्दा बिक्री हुन नसकी बाँकी रहेको शेयर हाल लिलाम बढाबढ मार्फत बिक्री गर्न प्रस्ताव आव्हान भै सकेको तथा आगामी असोज महिना भित्रै सोको बांडफांड समेत हुने भएकोले ती शेयर समेतलाई समावेश गरी कायम हुने कुल चुक्ता पूँजी रु. ७,०८,९१,७९,००१/- (अक्षरेपी सात अर्ब आठ करोड एकानब्बे लाख उनान्अस्सी हजार एक रुपैयाँ मात्र) मा २०७४ आषाढ मसान्तसम्मको पूँजीगत जगेडा कोष र आ.ब. २०७३/०७४ को मुनाफाबाट समेत गरी १५% का दरले रु १,०६,३३,७६,८५० (अक्षरेपी रु. एक अर्ब छ करोड तेत्तिस लाख छयहत्तर हजार आठ सय पचास मात्र) बराबरको बोनस शेयर वितरण गर्न सिफारिश गर्ने गरी यस बैंकको संचालक समितिको मिति २०७४/०५/२९ गते बसेको २७७औं बैठकबाट निर्णय गरिएको व्यहोरा जानकारी गराउदछौं ।

साथै आयकर ऐन, २०५८ को दफा ४७क अनुसार मर्जर तथा प्राप्ती गर्ने वित्तीय संस्थाहरुको हकमा प्राप्ति मितिबाट दुई बर्ष सम्ममा नि:सर्ग गरेको शेयरमा पूँजीगत लाभकर नलाग्ने व्यवस्था रहेको तर उक्त मिति पश्चात भएको शेयर कारोबारबाट प्राप्त शेयरको बोनस शेयरमा लाभ कर लाग्ने हुनाले बैंकले एन.आई.डि.सी. क्यापिटल मार्केट्स लिमिटेडलाई मिति २०७३/१०/२८ मा प्राप्ति (एकीकृत कारोबार) गरेकोले सो मिति पश्चात अभौतिक रुपमा शेयर कारोबार गरी बोनस शेयरका लागि योग्य रहेका शेयरधनीहरुले बोनस शेयरमा लाग्ने लाभांश कर सम्बन्धित शेयरधनीहरु स्वंयमले व्यहोर्ने गरि त्यस्तो कर रकम बोनस शेयर वितरण गर्ने वखत असुल गर्ने समेत प्रस्ताव पारित गरियो । प्रस्तावित बोनस शेयर नेपाल राष्ट्र बैंक तथा आगामी साधारण सभाबाट स्वीकृत भए अनुसार वितरण गर्ने गरी निर्णय भएको व्यहोरा पनि जानकारी गराउदछौं ।

धन्यवाद ।

भवदिय,

......................
रत्नराज बज्राचार्य
प्रमुख कार्यकारी अधिकृत

RISING TO SERVE

P.O. Box: 15203, Gairidhara Crossing, Kathmandu, Nepal, Tel: 977-1-4004560-64, Fax: 977-1-4422475
Toll Free No.: 1660-01-22444 Email: info@sunrisebank.com.np, Website: www.sunrisebank.com.np, SWIFT SRBLNPKA
"सन्राइज बैंक लि.ले साबिकको नारायणी नेशनल फाइनान्स लि.र एन.आई.डि.सि. क्यापिटल मार्केट्स लि. लाई प्राप्ति (एकीकरण) गरेको"